# उच्च माध्यमिक बिद्यालयमा मानवीय संसाधन व्यबस्थापन

शैक्षिक योजना तथा व्यबस्थापन बिभाग अन्तरगत स्नातकोत्तर तहको आंशिक आवश्यकता पूरा गर्नका लागि पेश गरिएको

## शोधपत्र


शोधार्थी

यज्ञप्रसाद ढकाल

एम.एड. द्वितीय बर्ष

परीक्षा रोल नं : २१४००८३

क्याम्पस रोल नं. : १४५/२०६१-२०६२

त्रि.बि. दर्ता न. : ४४९३-८८



**शैक्षिक योजना तथा व्यबस्थापन बिभाग**

**सुकुना बहुमुखी क्याम्पस**

**इन्द्रपूर, मोरङ्ग, नेपाल**

**२०६७**

# प्राक्कथन

प्रस्तुत शोधपत्र उच्च माध्यमिक विद्यालयहरुमा मानवीय श्रोत व्यवस्थापनको प्रक्रिया विषयमा तयार पारिएको छ । नेपालमा विद्यालय शिक्षा र उच्च शिक्षा विचमा रहेको खाली ठाउँलाई पुरागर्नका लागि उच्च माध्यमिक विद्यालयको शिक्षालाई विद्यालय शिक्षामा ल्याउन २०४६ सालमा उच्च माध्यमिक शिक्षा ऐन निर्माण भयो । उक्त ऐनले व्यवस्था गरे अनुसार उच्च माध्यमिक शिक्षा नियमावली २०५२ निर्माण भई कार्यान्वयनमा छ । यी ऐन र नियमावलीको परिधी भित्र रही सञ्चालनमा रहेका १०+२ कक्षा सञ्चालन भैरहेका उच्च मा. विद्यालयहरुमाक गरिने मानवीय श्रोत व्यवस्थापनको प्रक्रिया अध्ययनका लागि यो शोधपत्र तयार पारिएको छ । मानवीय श्रोत व्यवस्थापन प्रक्रिया आफैमा चुनौतीपूर्ण कार्य हो । विद्यालयहरुको सम्वनधननै अस्थायी भएको कारणले उ.मा.विद्यालयहरुले मानवीय श्रोतलाई जसरी व्यवस्थित गर्नु पर्दथ्यो त्यसरी गर्न सकीरहेका छैनन् । यस शोधपत्रले मानवीय श्रोतका विविध पक्ष र पाटाहरुमा सम्वन्धित पक्षको ध्यान पुगोस् भन्ने आषय राखेको छ ।

यस अध्ययनका लागि आवश्यक स्रोत सामाग्रीहरु जुटाई सहयोग गरिदिनुहुने प्राचार्यहरु श्री कुमार पराजुली, राजनप्रसाद ढकाल, रामबहादुर राउत तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष भगवतीप्रसाद शर्मा धन्यवादका पात्र हुनुहुन्छ । यसैगरी अध्ययनलाई सहयोग गर्ने सिलसिलामा आफ्ना अमुल्य सुझाव, धारणा, प्रतिक्रिया, तथ्याङ्क तथा समय उपलब्ध गराउनुहुने शिक्षक/शिक्षिकाहरु गैर शिक्षण कर्मचारीहरु, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुप्रति विशेष धन्यवाद टक्र्याउन चाहन्छु ।

प्रस्तुत शोधपत्र तयार गर्न अनुमति प्रदान गर्नुहुने शैक्षिक योजना तथा व्यवस्थापन विभाग सुकुना वहुमुखी क्याम्पसका संयोजक श्री लक्ष्मीप्रसाद श्रेष्ठ प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । शोध पत्रलाई सफल बनाउन हरबखत निर्देशन सुपरीवेक्षण र सरसल्लाह प्रदानगर्नु हुने गुरुहरु पितकुमार श्रेष्ठ, खगेन्द्रप्रसाद लुईटेल, गणेश दाहाल, केशव भट्टराई तथा भोजराज घिमिरेमा हार्दिक आभार प्रकट गर्दछु । मुद्रणमा सहयोग गर्नुहुने डिजिटल प्रिन्टर्स इटहरीका श्री सन्तोष न्यौपाने लाई विशेष धयन्वाद दिन चाहन्छु ।

शोधकर्ता

यज्ञप्रसाद ढकाल

# शोध सार

उच्च माध्यमिक विद्यालयहरुमा मानवीय श्रोत व्यवस्थापन प्रक्रिया शिर्षकमा यो शोधपत्र तयार पारिएको छ । उच्च माध्यमिक विद्यालय भन्नाले सरकारी अनुदान प्राप्त सामुदायिक माध्यमिक विद्यालयहरुले १०+२ को अस्थायी सम्वन्धन प्राप्त गरी सञ्चालन भएका विद्यालयहरु र संस्थागत मा.वि., क्याम्पसहरु तथा १०+२ मात्र सञ्चालन गर्न अस्थायी सम्वन्धन लिई सञ्चालन भएका विद्यालयहरु पर्दछन् । उच्च माध्यमिक विद्यालयहरुमा भैरहेको मानवीय श्रोत व्यवस्थापनमा सम्वन्धित पक्षको ध्यान पुगोस भन्नाका लागि यस अध्ययनले, मानवीय श्रोत व्यवस्थापनको अवस्था पत्ता लगाउन, समस्या तथा मुद्धाहरुको खोजी गर्न र मानवीय श्रोत व्यवस्थापनका प्रभावकारी उपायहरु खोजीगर्ने उद्देश्यहरु राखेको छ । उच्च माध्यमिक विद्यालयहरको संरचनानै अस्थायी खालको भएकोले यसमा गरिने मानवीय श्रोत व्यवस्थापन जटिल र चुनौतीपूर्ण कार्य हो । यसको उचित व्यवस्थापनमा ध्यान जानु वाञ्छनीय देखिन्छ । माध्यमिक शिक्षा र उच्च शिक्षाको सेतुको रुपमा रहेको उच्च माध्यमिक विद्यालयमा योग्य जनशक्ति आजको टडकारो आवश्यकता हो र यसमा सवै पक्षको ध्यान पुग्नु जरुरी छ भनी वोध गराउनु यस अध्ययनको औचित्य हो । अध्ययन सम्पन्न गर्नका लागि नमुना जनसंख्याको लागि खोटाङ जिल्लाका ३ सामूदायिक र एक संस्थागत उ.मा.वि.लाई उद्देश्य मुलक नमुना छनौट गरी ती विद्यालयका प्राचार्य वि.व्य.समितिका पदाधिकारीहरु, शिक्षक तथा कर्मचारीहरुलाई ८ वटा वन्दप्रश्नावली र २ वटा खुल्ला प्रश्नावलीहरु भराई, छलफल, अवलोकन र मत सर्वेक्षण मार्फत परिमाणात्मक र गुणात्मक अनुसन्धान अध्ययन ढाँचाको मिश्रण गरी अध्ययन सम्पनन गरियो । यस अध्ययन सम्पन गर्नका लागि F.W. Taylor को बैज्ञानिक ब्यवस्थापनको

सिद्धान्त र Mary Parker Follet को मानवतावादी सिद्धान्तको आधार लिएको छ ।

उच्च माध्यमिक विद्यालयहरुमा मानवीय श्रोत व्यवस्थापनका प्रक्रियाहरुमा खुल्ला विज्ञापनबाट कम र सम्झौताबाट बढि गर्ने गरेको पाइयो । गैर शिक्षण कर्मचारीको व्यवस्थापन सम्झौताबाट मात्र गरेको पाइयो । हरेक उच्च माध्यमिक विद्यालयहरुमा आवश्यक पर्ने शिक्षण स्रोतको व्यवस्थापनमा विषयगत दक्षता र शिक्षण कौशल भएको तथा गैर शिक्षण कर्मचारीको व्यवस्थापनमा कुसल, इमान्दार व्यवस्थापकीय कला भएको र कामको प्रकृति वुझ्न सक्ने व्यक्तिको छनौटमा ध्यान दिनु उपयुक्त हुन्छ । हरेक उ.मा.विद्यालयहरुमा कार्यरत शिक्षण तथा गैर शिक्षण दुवै खाले कर्मचारीको पेशागत असुरक्षा, स्थायित्व र कार्य असन्तुष्टिको मात्रा ७५% रहेको छ । गैर शिक्षण कर्मचारीको १०% ले यो पेशा सुरक्षित र स्थायी छ भनेको पाइयो । यती ठूलो हिस्सा असुरक्षित र अस्थायी छ भन्ने कुरा बोध हुँदाहुदै पनि जानाजानी यस पेशामा संलग्न हुनु सकारात्मक होइन । उच्च माध्यमिक विद्यालयहरुमा मानवीयश्रोतको व्यवस्थापनलाई वैज्ञानिक वनाउन यस पेशाप्रतिको आकर्षणलाई वढाउनु पर्ने, दिदै आएको तलव तथा भत्तामा वढोत्तरी गर्नुपर्ने, दुर्गम तथा अपायक विद्यालयहरुमा कार्यरत शिक्षक तथा कर्मचारीलाई थप आर्थिक सुविधा दिनुपर्ने, विद्यालय तथा स्थानीय व्यवस्थापन समितिलाई मानव श्रोत विकास र परिचालनबारे तालिम, सेमीनार, गोष्ठी इत्यादि गराई प्रेरित गर्नुपर्ने देखिन्छ । सामुदायिक विद्यालयहरुले संस्थागत रुपमा सञ्चालन भएका विद्यालय भन्दा विषयगत, दक्ष र तालिम प्राप्त मानवीय श्रोत आपूर्तिमा ध्यान दिनु जरुरी छ । गैर शिक्षण कर्मचारीको व्यवस्थापनमा पनि कार्य विवरण खुलाई नियुक्ति दिने, तालिम कार्याक्रममा सहभागी गराउने, समय सापेक्ष तलव, भत्ता, विदा-काज तथा अन्य सुविधाहरु उपलब्ध गराउने कार्य गर्नु पर्दछ । संस्थागत विद्यालयहरुले विषयगत र तालिम प्राप्त शिक्षकको आपूर्तिमा ध्यान पुऱ्याउनु पर्ने देखिन्छ । यस अध्ययनले प्राप्त गरेका निश्कर्षहरुलाई अन्य यस्तै

प्रकारका विद्यालयहरुमा पनि सिमीत रुपमा  सामान्यिकरण गरी कार्यान्वयन गर्न सकिने कुरालाई सुझावको रुपमा राख्दै यो अध्ययन सम्पन्न गरिएको छ ।

## सन्दर्भ सूचिहरु


१. उच्च माध्यमिक शिक्षा ऐन २०४७ र उच्च माध्यमिक शिक्षा नियमावली २०५२, उच्च माध्यमिक शिक्षा परिषद सानोठिमी ।

२. काफ्ले वाशुदेव, श्रेष्ठ चन्द्रबहादुर र सिन्हा रामस्वरुप २०५९, शैषिक प्रकासन र सुपरिवेक्षण, काठमाण्डौ., विद्यार्थी पुस्तक भण्डार

३. कोइराला विदानाथ र श्रेष्ठ चन्द्बहादुर २०६६, शैक्षिक व्यवस्थापन र संगनात्मक व्यवहार, काठमाण्डौं, विद्यार्थी पुस्तक भण्डार

४. कोइराला विद्यानाथ र श्रेष्ठ चन्द्रबहादुर, २०६६, व्यवस्थापन सूचना प्रणाली र मानव संसाधन व्यवस्थापन

५. खनाल पेशल, शैक्षिक अनुसन्धान पद्धति २०६२, स्टेडेन्स वुक्स, काठमाण्डौं ।

६. चापागाई वालकृष्ण, प्राथमिक शिक्षक तालिमबाट काठमाण्डौं, जिल्ला विदालय र कक्षाको व्यवस्थापन र शैक्षिक उपलब्धिमा पारेको प्रभाव, अप्रकासित सोधपत्र, २०६१

७. व्यगचलर्भा या भ्एःल, त्रि.वि. शिक्षा विभागबाट प्रकाशित

८. सम्प्रेषण, उच्च माध्यमिक शिक्षा परिषदका गतिविधि सम्वन्धी प्रकाशन, उच्च माध्यमिक शिक्षा परिषद सानोठिमी, भक्तपुर

९. सामूदायिक विद्यालयहरुमा आर्थिक श्रोत व्यवस्थापन प्रक्रिया, अप्रकासित सोध २०६६, शोधकर्ता गणेशकुमार प्रसाई

१०. शर्मा गोपीनाथ(२०६२) नेपाल शिक्षाको इतिहास

११. शिक्षा नियमावली २०४९ र २०५९ वौद्धिक दर्पण प्रकाशन, काठमाण्डौं ।

# उच्च माध्यमिक बिद्यालयहरुमा मानवीय श्रोत व्यबस्थापन प्रक्रिया

## अनुसूची १

## प्रचार्यहरुलाई सोधिएका प्रश्नहरु

१. तपाईको बिद्यालयमा रिक्त रहेका शिक्षक/शिक्षिकाहरुको छनौटका लागि कस्तो प्रक्रिया अपनाउने गर्नु भएको छ ?

क) सम्भौताको प्रक्रिया

ख) खुल्ला बिज्ञापनको प्रक्रिया

ग) उ.मा.बि.शि.प.ले तोकेका सबै प्रक्रिया

घ) बिद्यालय व्यबस्थापन समितिको आफ्नै प्रक्रिया छ

२. तपाईको जस्तो दुर्गम बिद्यालयमा बिषयगत र योग्यता प्राप्त शिक्षक/शिक्षिकाहरु सजिलै उपलब्ध हुन्छन् ?

क) कठिन छ

ख) खोजी गरे पाईन्छ

ग) बिभिन्न खुल्ला बिज्ञापन पढेर आउछन्

घ) थप आर्थिक प्रलोभन दिने व्यबस्था छ

३. यदि सजिलै उपलब्ध हुन सकेनन् भने समस्या समाधानका लागि के गर्नु उपयुक्त हुन्छ ?

क) दुर्गम क्षेत्रमा अध्यापन गराउनेलाई थप आर्थिक सुबिधा दिनु पर्दछ

ख) स्नातकोत्तर पछि केही निस्चित बर्ष दुर्गम ठाउँमा सेवा गर्न अनिबार्य

गर्नु पर्दछ

ग) दुर्गम स्थानका मा.वि. शिक्षक/शिक्षिकाहरुलाई स्नाकोत्तर अध्ययनका

लागि बिद्यालयले छात्रबृती दिई अध्ययन गर्न पठाउनु पर्छ

घ) आंशिक अध्यापनका लागि स्नातकबाट काम चलाउनु पर्दछ

४. उ.मा.बि. हरुमा मानवीय श्रोत व्यबस्थापनमा सबभन्दा बढी जिम्मेबार निकाय कुन होला ?

क) सम्बन्धित विद्यालय

ख) उ.मा.बि. शिक्षा परिषद

ग) शिक्षक सेवा आयोग

घ) नेपाल सरकार

५. बिध्यार्थीहरुबाट लागत पुरण शिद्धान्तको आधारमा शुल्क लिई सम्बन्धित बिषयमा बिशिष्टता हाँसिल गरेको जनशक्ति सम्बन्धित बिद्यालयलाई नै छनौट गर्न दिनु कत्तिको सान्दर्भिक हुन्छ होला ?

क) राम्रो हुने थियो

ख) शिक्षामा गुणस्तर कायम हुने थियो

ग) बिध्यार्थीलाई थप आर्थिक बोझ पर्दछ

घ) दुर्गम स्थानहरुमा यो सम्भब छैन

६. बिद्यालयमा आवश्यक पर्ने गैर शिक्षण कर्मचारी जस्तै लेखापाल, लाईब्रेरियन, परिचर  इत्यादि .को छनौटमा तपाईको बिद्यालयले के कस्ता प्रक्रियाहरु अपनाउने गरेको छ ।

क) खुल्ला बिज्ञापन बाट छनौट

ख) सामान्य सम्झौताको

ग) ब्यक्तिगत पहिचान र मोलाहिजाको

घ) उ.मा.शिक्षा परिषदले तोकेका सबै मापदण्ड पुरा गरेको

७. गैर शिक्षण कर्मचारीहरुको छनौटमा बि.व्य.स. अध्यक्ष र प्राचार्यको मिलेमतोमा  गरिन्छ र सार्वजनिक रुपमा सुचना समेमत गरिदैन भन्ने जनगुनासो सुनिन्छ, यस बिषयमा तपाईको के भनाई छ ?

क) यो भनाई बिल्कुल बेठिक हो

ख) मेरो बिद्यालयमा यस्तो भएको छैन र हुनु पनि हुदैन

ग) कहीं कतै  परिस्थिती अनुसार यस्तो हुन पनि सक्छ

घ) सार्बजनिक सरोकारको जिम्मेबारी लिए पछि गुनासो अवस्य नै आउँछ

८) तपाई आफु पनि एक शिक्षक भएको नाताले आफ्नो पेशागत स्थायित्व र सुरक्षा कत्तिको भरपर्दो देख्नु भएको छ ?

क) पूर्ण सुरक्षित र स्थायित्व भएको देखेको छु

ख) सुरक्षित र स्थायी बन्न नसकेको देखेको छु

ग) संस्थानै अस्थायी र असुरक्षित भएकोले पेशा स्वतः यस प्रकारको हुने नै भयो

घ) आशावादी छु

९. सामूदायिक भन्दा संस्थागत उच्च मा.बिहरुले शिक्षाको गुणस्तरलाई बढी महत्व दिई दक्ष जनशक्ति आपुर्तिमा बिशेष ध्यान दिएको हो ?

☐ ☐

हो होईन

हो भने कसरी ..........

होइन भने कसरी .............

१०. मानविय श्रोत व्यबस्थापनलाई उच्च मा.बिहरुले शैक्षिक व्यबस्थापनको मेरुदण्डको रुपमा लिनु पर्दछ । तपाई यो भनाइ प्रति सहमत हुनु हुन्छ ? ☐ छु ☐ छैन

छ भने किन? ...............................................

छैन भने किन ...................................

प्राचार्यको नाम :

बिद्यालयः

शैक्षिक योग्यता र तालिम :
कार्य अनुभव :

## उच्च माध्यमिक बिद्यालयहरुमा मानवीय श्रोत व्यबस्थापन प्रक्रिया

## अनुसूचि २
## शिक्षक/ शिक्षिकालाई सोधिएका प्रश्नहरु

१. तपाई यस बिद्यालयमा नियुक्ति लिएर आउँदा अपनाईएको छनौट के कस्तो थियो ?

क) बिद्यालयले बोलाएर सिधै नियुक्ति दियो

ख) खुल्ला बिज्ञापनबाट छनौट भएको

ग) सम्भौताबाट करार अवधि तोकी

घ) उच्च माध्यमिक शिक्षा परिषदको शिक्षक छनौट सम्बन्धी नियम अनुसार

२. तपाई छनौट भएको प्रक्रिया कस्तो लाग्यो ?

क) अति उत्तम

ख) उत्तम

ग) ठिकै

घ) बेठीक

३. उच्च मा.वि. हरुले शिक्षक/शिक्षिकाको छनौट गर्दा सबभन्दा बढी जोड केमा दिनु पर्ला ?

क) योग्यता र तालिम

ख) योग्यता र अनुभव

ग) अनुभव

घ) योग्यता, अनुभव र तालिम

४. सामुदायिक उच्च मा.बि.हरुले बिशेष गरी दुर्गम र पिछडिएका स्थानहरुमा बिषयगत र दक्ष जनशक्ति आपुर्तिका लागि केमा ध्यान दिनु पर्ला ?

क) सेवा र सुबिधामा बढोत्तरी

ख) दुर्गम स्थानमा काम गरेबापत छुट्टै आर्थिक सुबीधा

ग) बिद्यालयले खाना र आवास लगायत अन्य थप सुबीधा

घ) स्नाकोत्तर पछि दुर्गममा काम गर्न अनिबार्य गर्नु पर्ने सरकारी नीति

५. तपाईलाई नेपाल सरकारले तोकेको मापदण्डको सेवा सुबीधा भन्दा थप बिद्यालयले उपलब्ध गराएको छ ?

क) आवासको व्यबस्था छ ।

ख) खानाको व्यबस्था छ

ग) थप आर्थिक सहुलियत छ

घ) बिदा र काजमा सहुलियत छ

६. तपाईको बिचारमा उ.मा.बि.हरुले शिक्षण कर्मचारीको राम्रो व्यबस्था गर्न नसक्नुको कारण के होला ?

क) उ.मा.बि.तर्फको बिद्यालय संरचना नै अस्थायी भएकोले

ख) दिदै आएको पारिश्रमिक ज्यादै न्यून भएकोले

ग) सरकारको नितिगत अस्पष्टताले

घ) उ.मा.बि. हरुलाई आवश्यक पर्ने मानवीय श्रोतको बजारमा अभाव भएकोले

७. तपाई आफ्नो पेशाप्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

क) पुरै सन्तुष्ट छु ख) पुरै असन्तुष्ट छु

ग) आंशिक सन्तुष्ट छु घ) सामान्य सन्तुष्टी लिएकै छु

८. तपाई आफ्नो पेशालाई कत्तिको सुरक्षित र स्थायी ठान्नु हुन्छ ?

क) पूर्ण सुरक्षित र स्थायी

ख) पूर्ण असुरक्षित र अस्थायी

ग) संस्थाको स्थायित्व र सूरक्षा सँग जोडिएको छ । घ) आंशिक सुरक्षित छ

९. तपाईको बिचारमा यो समस्यालाई कसरी निराकरण गर्न सकिन्छ ?

१०. दक्ष योग्य र तालिम प्राप्त जनशक्तिलाई यस क्षेत्रमा आकर्षण गर्न के गर्न सकिन्छ ?

शिक्षकको नाम :

बिद्यालय:

योग्यता र तालिम :

अनुभव

# उच्च माध्यमिक बिद्यालयहरुमा मानवीय श्रोत व्यबस्थापन प्रक्रिया

## अनुसूचि ३

## बि. व्य. स. अध्यक्ष्यलाई सोधिएका प्रश्नहरु

१. तपाईको बिद्यालयमा उच्च मा.बि. तर्फको शिक्षक तथा कर्मचारीको दरबन्दिको अवस्था बिद्यार्थीको अनुपातमा कस्तो छ ?

क) ठिकै छ

ख) कम छ

ग) ज्यादै कम छ

घ) पर्याप्त छ

२. शिक्षक/शिक्षिकाहरुको योग्यता र तालिम कस्तो छ ?

क) सबै योग्यता र तालिम प्राप्त छन्

ख) केहि मात्र तालिम र योग्यता भएका छन्

ग) योग्यता प्रप्त धेरै र तालिम प्रप्त कम छन्

घ) केहीको योग्यता र तालिम दुबै छ

४. दक्ष तथा योग्य सीप यूक्त शिक्षक/ शिक्षिकालाई शिक्षण पेशा प्रति आकर्षति गर्न विद्यालयले केही आकर्षण दिने गरेको छ कि ?

क) नेपाल सरकारले तोके भन्दा थप आर्थिक भत्ताको व्यबस्था छ

ख) शिक्षक आवाश र खानाको व्यबस्था छ

ग) थप बृत्ति बिकास र प्रोत्साहनका कार्यक्रमहरु छन्

घ) केही छैनन्

५. बिद्यालयको लागि आवश्यक पर्ने शिक्षक/शिक्षिका छनौट गर्दा ध्यान दिनु पर्ने कुरा के हो?

क) योग्यता

ख) तालिम

ग) स्थानियता (घ) माथिका सबै

६) पठन पाठन बाहेकको काम गर्ने कर्मचारी तपाईको बिद्यालयमा नियूक्ति गर्दा कसरी गर्ने गर्नु भएको छ ?

क) खुल्ला प्रतिस्पर्धाबाट

ख) संम्झौताबाट

ग) सामान्य जाँच लिएर

घ) व्यक्तिगत चिनजानको आधारमा

७) गैर शिक्षण कर्मचारीको नियूक्तिमा वि.व्य.स. पदाधिकारीहरु र प्राचार्यको मिलेमतोमा गरिन्छ भन्ने सुनिन्छ नि ?

क) विद्यालयको आवश्यकता अनुसार कहिले काहीं

ख) यो कुरा केवल हल्ला मात्र हो

ग) विद्यालयमा अभिलेखहरुले बोलेकै छन्नी

घ) यसो गर्दा विद्यालयलाई आर्थिक बचत हुन्छ

८. दक्ष तथा सिपयूक्त जनशक्ति छनोट गर्दा बिद्यालयको शैक्षिक गुणस्तरमा सकारात्मक प्रभाव पर्दछ ? पर्दछ भने कसरी ?

९. वि.व्य.स. पदाधिकारीहरुले विद्यालयको शिक्षण तथा गैर शिक्षण कर्मचारीको नियमित अनुगमन गर्दैनन् र भएको मानविय स्रोतले पनि काम राम्ररी सम्पन्न गर्न सकिरहेका छैनन् यस भनाईमा तपाईं सहमत हुनुहुन्छ ?

सहमत भए किन ? ..........................असहमत भए किन?

१०. सामूदायिकको तुलनामा संस्थागत बिद्यालयले मानविय स्रोत व्यबस्थापन र गुणस्तरमा जोड दिएका छन् हो ? हो भने कसरी ?

## उच्च माध्यमिक बिद्यालयहरुमा मानवीय श्रोत व्यबस्थापन प्रक्रिया

## अनुसूचि ४
## बिद्यालय कर्मचारीलाई सोधिएका प्रश्नहरु

१. तपाई यस बिद्यालयमा कुन तरिकाबाट नियुक्ति हुनु भएको हो ?

क) खुल्ला बिज्ञापनबाट

ख) वि.व्य. समितिले सोभ्कै नियुक्ति दिएर

ग) कर्मचारी नियुक्तिका सबै प्रक्रियाहरु पुरा गरेर घ) सम्भ्कौताबाट

२. तपाई नियूक्ति भएर आएको प्रक्रिया कस्तो लाग्यो ?

क) अति उत्तम ख) उत्तम ग) ठिकै घ) बेठीक

३. कर्मचारी छनौटलाई प्रभावकारी बनाउन ध्यान दिनु पर्ने मूख्य कुरा के हो ? क) योग्यता ख) क्षमता ग) कार्य अनुभव

घ) अनुभव र क्षमता

४. उ.मा.विहरुमा गैर शिक्षण कर्मचारीहरुको व्यबस्थापनमा विद्यालयहरुले ध्यान पुऱ्याउन नसकेको हो ?

क) हो ख) पुऱ्याएको छ ग) त्यस्तै देखिन्छ

घ) बिद्यालयमा बजेटको अभाव छ

५. तपाई आफ्नो पेशालाई कतिको सुरक्षित र स्थायी ठान्नु हुन्छ ?

क) स्थायी र सुरक्षित छैन ख) स्थायी र सुरक्षित छ

ग) संस्थानै अस्थायी भएकोले के स्थायी हुनु

६. उ.मा. शि. परिषदले कर्मचारीको सेवा तथा शर्त सम्बन्धी बिनियमहरुको व्यबस्था गरेको छ, त्यसको कार्यान्वयन बिद्यालयहरुमा

भएको छ ?

क) भएको छैन          ख) भएको छ

ग) त्यसको जानकारी नै भएन

घ) छनौट र नियुक्ती बिद्यालयको आफ्नै नियम छ ।

७. उच्च माध्यमिक बिद्यालयमा तपाईहरु जस्तो शिक्षण भन्दा अलग काम गर्ने कर्मचारीहरुलाई उ.मा.शि.परिषदले के गरिदेओस भन्ने अपेक्षा राख्नु भएको

छ?

क) नियूक्ति देखिका संम्पूण प्रक्रियाहरुमा उ.मा.शि.पले जिम्मा लिने

ख) नियुक्ति देखिका सम्पूण प्रक्रियाहरुमा बिद्यालयलाई जिम्मा दिने

ग) निजामती कर्मचारी जस्तो छुट्टै आयोगलाई दिने

घ) करारबाट छनौट गरी पुर्ति गर्ने

८. गैर शिक्षण कर्मचारीका मूख्य समस्याहरु के के हुन् ?

क) बृत्ति विकसका समस्याहरु

ख) स्थायित्व र विदाका समस्याहरु

ग) कार्य बोझको समस्या

घ) दोहोरो उत्तरदायित्वको समस्या

९. तपाईको विचारमा गैर शिषण कर्मचारीका समस्या समाधानका कुनै ३ वटा उपायहरु के के हुन् सक्छन् ?

क)     ख)     ग)

१०. आफ्नो पेशाबाट तपाई सन्तुष्ट हुनुहुन्छ ?

क) छु   ख) छैन   ग) सामान्य सन्तुष्टि लिएको छु

# उच्च माध्यमिक बिद्यालयहरुमा मानवीय श्रोत व्यबस्थापन प्रक्रिया

## अनुसूचि ५
## विद्यालय सर्वेक्षण फारम

विद्यालयको नाम :
स्थापना मिति :
१०+२ सम्वन्धन प्राप्त मिति :
शिक्षण कर्मचारी संख्या : पुरुष : महिला :
गैर शिक्षण कर्मचारी संख्या : पुरुष : महिला :
कक्षा ११ विद्यार्थी संख्या : छात्र : छात्रा :
कक्षा १२ विद्यार्थी संख्या : छात्र : छात्रा :

| क.सं. | शिक्षकको नामथर | शैक्षिक योग्यता | नियुक्ति मिति | स्थायी | अस्थायी | नियुक्ति प्रकृया | कै. |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |